



# राष्ट्रहरू

## PART 1



भाग १



"उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।" दानिएल ७:१४।

नोआका छोराहरूबाट राष्ट्रहरू उदय भयो र जलप्रलयपछि संसारमा जनसङ्ख्या बढाए।



प्रायजसो ती मानिसहरू परमेश्वरप्रति विरोधी भए र आफ्नै हातले बनाएका मूर्तिहरूलाई भगवान भनेर पूजा गर्न थाले। तिनीहरूले आआफ्नै नीति नियमहरू बनाए।

तर परमेश्वरले नयाँ राष्ट्रको थालनी गर्नुभयो। त्यसलाई उहाँले उहाँका व्यवस्थाहरू दिनुभयो। ती व्यवस्था तिनीहरूले पालन गर्दा तिनीहरू संसारको अत्यन्तै शक्तिशाली राष्ट्र हुन पुग्ने थियो। तिनीहरूकै ज्योतिमा यस पृथ्वीमा भएका राष्ट्रहरू हिँड्थे।



राष्ट्रहरूका उदय::

- पहिला राष्ट्रहरू।
- परमेश्वरले नै सुरु गर्नुभएको राष्ट्र.

चुनिएका जाति:

- इस्राएलको इतिहास.
- चर्चको इतिहास।
- चुनिएका जातिको भूमिका

# राष्ट्रहरूका उदय

# पहिला राष्ट्रहरू

""नोआका छोराका वंशहरू आफ्नो-आफ्नो जातिअनुसार यी नै हुन्। यीबाट जलप्रलयपछि पृथ्वीमा जाति-जाति अलग-अलग भएर जताततै फिँजिए।" उत्पत्ति १०:३२।



पापले गर्दा आदम र हव्वालाई  अदनको बगैँचाबाट निष्कासन गरिएको थियो र त्यहाँ जान मनाही गरिएको थियो। तिनीहरू र तिनीहरूका पुस्ताहरू अदनको ढोकामा निरन्तर आएका थिए। त्यस ढोकामा करुब स्वर्गदूतहरूले पहरा दिएका थिए। तिनीहरूले परमेश्वरका निम्ति बलि चढाएका थिए।

यस विधिले युगौँ युगसम्म परमेश्वर सर्वोच्च शासक हुनुहुन्छ भनेर मानव जीवनले स्विकार्न पुगेका थिए।

जब दुष्टहरूका ज्यादतीले गर्दा परमेश्वरले जलप्रलयद्वारा पृथ्वीको नाश गर्न निधो गर्नुभएको थियो, तब उहाँले अदनको बगैंचा पनि हटाउनु भएको  थियो।  जल प्रलयपछि निमरोड जस्ता मानिसहरूले परमेश्वरबिना आफ्नै देशहरू सिर्जना गर्न थाले। ती देशका शासकहरू आफै भए (उत्पत्ति १०:६-१२)।

निम्रोड परमेश्वरका सामु भयानक शिकारी थियो भनेर उत्पत्ति १०:९मा उल्लेख गरिएको छ। उसले धेरै सहरहरू बनाए। तिनीहरूका बाबेल र निनभे थिए। तिनीहरूबाट अरू राष्ट्रहरू उदय भयो र परमेश्वरका जनहरूका शत्रु भनेर चिनिन थाले।





# परमेश्वरले नै सृजना गर्नुभएको राष्ट्र

"म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ।" उत्पत्ति १२:२।

उत्पत्तिको १० अध्यायमा राष्ट्रहरूलाई सम्बोधन गर्न हिब्रू शब्द गोयिम goyim प्रयोग गरिएको छ। यही शब्द जेन्टाइलस् Gentiles वा अन्य जातिहरूलाई सम्बोधन गर्दा प्रयोग गरिन्छ। ती जातिहरू परमेश्वरबाट टाढा हुन्छन्।

**अरू राष्टहरूबाट नयाँ राष्ट्र खडा गर्न परमेश्वरले निर्णय गर्नुभयो। अब्राम वा अब्राहमका सन्तानबाट नयाँ राष्ट्र इस्राएलको उदय भयो।**







किन अब्राहमलाई नै चुनियो त? "उसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ।" उत्पत्ति १८:१९। यसरी जब हामीले परमेश्वरको अगुवाइमा चल्छौं हामीलाई के हुनेछ भनेर उहाँले संसारालाई देखाउन चाहनुभएको थियो।

**उहाँले तिनीहरूलाई सारा राष्ट्रहरूलाई अचम्म पार्ने स्तर वा नीतिहरू दिनुभयो ताकि इस्राएलसँग सम्पर्क गर्ने देशहरूले इस्राएल जस्तै हुने चाहना गरून् र परमेश्वरले दिन चाहनुभएको आशिष तिनीहरूले पनि पाऊन् (व्यवस्था ४:५-८)।**

# चुनिएको जाति

# इस्राएलको इतिहास

"तिनीहरूले तिनलाई भने, "तपाईं अब वृद्ध हुनुभयो, अनि तपाईंका छोराहरू तपाईंका चालमा हिँड्दैनन्। यसकारण अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एउटा राजा नियुक्त गरिदिनुहोस्।" १ शमूएल ८:५।



दुर्भाग्यवस, इस्राएल परमेश्वरबाट सिधै शासन गर्ने राष्ट्र भएर नमुना राष्ट्र हुनुको सट्टा तिनीहरू अरू राष्ट्रहरू जस्तै हुन चाहेका थिए (१ शमूएल ८:५)।

राजाको माग गरेर तिनीहरूले परमेश्वरलाई त्यागेका थिए (१ शमूएल ८:७)। राजा हुँदा त्यसका नतिजाहरू के हुनेछन् भनेर चेतावनी दिएतापनि तिनीहरू बागी नै भए (१ शमूएल ८:९,१९)।





इस्राएलको प्रतिक्रिया अघि नै थाहा पाउनु भएकोले परमेश्वरले तिनीहरूलाई विधिविधानहरू दिनुभयो। राजा भएतापनि तिनीहरू परमेश्वरको आदर्श अनुसार चलेर उहाँको नजिक हुन सकून् भन्ने भन्ने उहाँको इच्छा थियो (व्यवस्था १७:१४-२०)।

उहाँका विधिहरूको बाबजुद पनि महान् राजाहरू भएतापनि तिनीहरूमा कमी कमजोरीहरू थिए। प्रायजसो तिनीहरू सबैले दुष्ट काम गरेका थिए (१ राजा ११:६)।

ती राजाहरू पापी नै थिए र पापीहरूमाथि नै शासन गरेका थिए। यसैकारण, यस संसारमा कुनै पनि धर्मी राष्ट्र छैन तर आउनेवाला राष्ट्र मात्र हुन्: परमेश्वरको राज्य (दानिएल २:४४)।

# चर्चको इतिहास

""तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ।" मत्ती २०:२६।



इस्राएल देश भ्रष्ट भएपछि येशूले नयाँ जातिको स्थापना गर्नुभयो: चर्च। यस जातिको राजा वा विशेष राष्ट्रियता हुने थिएन। जसले अरूमाथि शासन गर्छ त्यो अरूहरूका सेवक हुनुपर्थ्यो (मत्ती २०:२५-२८)।









३०० वर्षको सतावटमा चर्च केही हदमा बफादारी भएको थियो

तर जब चौथौं शताब्दीमा रोमी सम्राट् कन्सेटिनले ईसाई धर्म कानुनी बनाए तब मानिसहरूले स्वतन्त्र रूपमा आआफ्नै चर्च स्थापना गरे। त्यस चर्चको अनधिकारी रूपमा शासक भए। चर्चलाई सञ्चालन गर्न उनले बैठकहरूमा अध्यक्षता गरेर नीति नियमहरू पारित गरे।

पाँचौं र छैथौं शताब्धीमा चर्च देशको शासकहरूसँग भर परे। रोमक विशपले चर्चमाथि ठुलो अधिकार पाए। अब राज्य सरकार होइन बिशपहरूले नै देश सञ्चालन गर्न थाले।

मध्यकालीन युगभरि चर्चको अधिकार नमान्ने ईसाईहरू विद्रोहीको पङ्क्तिमा राखे र तिनीहरूलाई यातना दिए, झ्यालखानमा हाले र अनगिन्तियौं ईसाईहरूलाई मारे पनि।

इस्राएलीहरूले जस्तै चर्चले पनि त्यही भूल गरेका थिए।

# चुनिएका जातिको भूमिका

""म, परमप्रभुले तिमीलाई मेरो धार्मिकताअनुसार बोलाएको छु। म तिम्रो हात समात्नेछु, र तिम्रो रक्षा गर्नेछु। तिमीलाई नै म जाति-जातिहरूका निम्ति करार र अन्यजातिहरूका निम्ति ज्योति बनाउनेछु।" यशैया ४२:६।



इस्राएल अरू राष्ट्रहरूका निम्ति ज्योति कसरी हुन सक्छ त (यशैया ४२:६)? चर्च नै संसारको ज्योति कसरी हुन सक्छ (मत्ती ५:१४)?

- आज्ञाकारी भएर (व्यवस्था ४:६; मत्ती ५:१६)
- पापको समाधान देखाएर (लेबी ४:२७-२९; यूहन्ना ३:१६)
- येशूको दोस्रो आगमनको घोषणा गरेर (यशैया ४०:९-१०; प्रकाश १४:६-११)

परमेश्वरका जनहरूका ऐतिहासिक तथ्य त यो भइरहेको छ कि तिनीहरूले परमेश्वरको चाहना अनुसार चल्न असफल भए।




तैपनि इस्राएल र चर्चको माध्यमद्वारा संसारले आशीष पाइरहेका छन्। मुक्तिको आशीषमय सन्देशद्वारा मानिसहरू आशिष हुने अवसर पाइरहेका छन्।

हामी इतिहासको अन्तमा छौं। मुक्तिको सन्देश सुनाएर संसारको ज्योति हुने अन्तिम अवसर हामीलाई दिएको छ।

एलेन जी. ह्वाइट, लेटर १०८:१९०२

"अरू मानिसलाई सुसमाचार सुनाएर प्रभुकहाँ ल्याउनु कस्तो शक्तिशाली र असल छ। उसको जीवनलाई दैनिक परिवर्तन गरेर संसारको निम्ति आशीष र खुशी ल्याउन सक्छ। जब चर्चले आज्ञाकारी हुने र प्रेमले सुसज्जित हुन्छ तब यसका सदस्यहरूले संसारका मानिसहरूलाई मुक्ति दिलाउने प्रभाव पार्न सक्छ। उहाँको विजयको सफलताको प्रभावको शीर्ष बनाउन उहाँले केही पनि रोक्नुहुन्न। मानिसहरूलाई मुक्ति दिलाउने पुरुष र स्त्रीहरू उहाँका माध्यमहरू हुन्। जो मानिसहरू भित्री हृदयदेखि पापीहरूलाई येशूतिर खिँच्न चाहन्छन् तिनीहरूलाई स्वर्गबाट शक्ति मिल्नेछ र सारा जगत् तिनीहरूसँग सहकार्य गर्नेछन्।"